बैठक संख्या: ५३ मिति: २०८२/०६/०२ समय: दिउसो १२:०० बजे

आज मिति २०८२/०६/०२ गते गुराँस गाउँपालिकाको त्रीपन्नौं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी तपसिलका प्रस्तावहरुमा छलफल गरि देहायका निर्णयहरु पारित गरियो ।

<u>तपसिल</u>

१. श्री टोप बहादुर बि.सी. - गाउँपालिका अध्यक्ष
२. श्री शिवा कुमारी खड्का - गाउँपालिका उपाध्यक्ष
३. श्री धर्म वहादुर रावल - वडा अध्यक्ष, वडा नं. १
४. श्री शेर बहादुर रावल - वडा अध्यक्ष, वडा नं. २
५. श्री कांशिराम शर्मा - वडा अध्यक्ष, वडा नं. ३
६. श्री खड्क बहादुर शाही - वडा अध्यक्ष, वडा नं. ४
७. श्री भुपेन्द्र वहादुर चन्द - वडा अध्यक्ष, वडा नं. ५
८. श्री चन्द्र बहादुर राना - वडा अध्यक्ष, वडा नं. ६
९. श्री नन्द बहादुर बि.सी. - वडा अध्यक्ष, वडा नं. ७
१०. श्री दीपेन्द्र वली - वडा अध्यक्ष, वडा नं. ८
११. श्री अमृता कुमारी वि.सी. - सदस्य
१२. श्री विर्मा वि.क. - सदस्य
१३. श्री कुल बिर वि.क. - सदस्य
१४. श्री सम्झना कुमारी बुढा - सदस्य
१५. श्री पम्फी वि.क.. - सदस्य
१६. श्री भुमिसरा वली - सदस्य
१७. श्री दिल बहादुर पौडेल - सचिव, प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारी

१. शाखा अधिकृत सातौं श्री मदन प्रकाश मल्ल आमन्त्रित
२. वरिष्ठ प्रशासन सहायक पाँचौं खेमराज उपाध्याय

प्रस्तावहरु:

१) अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२) गत महिनाको प्रगति प्रतिवेदन सम्बन्धमा ।

३) LGPAS को फोकल पर्सन तोक्ने सम्बन्धमा ।

४) Gen-Z आन्दोलनको समिक्षा र सम्बोधन सम्बन्धमा ।

५) कर्मचारी व्यवस्थापन सम्बन्धी गठित कार्यदलको प्रतिवेदन सम्बन्धमा ।

६) कर्मचारी व्यवस्थापन, जिम्मेवारी बाँडफाड र करार सम्झौता सम्बन्धमा ।

७) सुरक्षित नागरिक आवास कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा ।

८) सुनगाभा सहकारी, गुराँस-६, दैलेखलाई कारवाही गर्ने सम्बन्धमा ।

९) संविधान दिवस, २०८२ मनाउने सम्बन्धमा ।

१०) विद्युत व्यवस्थापन सम्बन्धमा ।

११) नदिजन्य पदार्थको टेन्डर सम्बन्धमा ।

१२) विपद राहत उपलब्ध गराउने सम्बन्धमा ।

१३) विविध

(क) सुरक्षा व्यवस्थापन खर्च सम्बन्धमा ।

टोप बहादुर बि.सी.
अध्यक्ष

कार्यपालिकाको कार्यालय
रानीमता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

निर्णयहरु:

निर्णय नं. १)

प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकका निर्णयहरुका बारेमा बैठकमा समिक्षा गरियो । समिक्षाका क्रममा बार्षिक प्रगति प्रतिवेदन स्मारिका दशैं अगाडी प्रकाशन गर्न शाखा अधिकृत मदन प्रकाश मल्ल संयोजक रहेको कार्यदललाई निर्देशन दिने, नबनेका ऐन/नियम/कार्यविधि बनाई राजपत्रमा प्रकाशन गर्नका लागि देहायको समिति गठन गरि जिम्मेवारी तोक्ने,

तपसिल

८ नं. वडा अध्यक्ष श्री दिपेन्द्र वली -संयोजक

सूचना प्रविधि अधिकृत श्री हृदयराज शाही - सदस्य

वरिष्ठ प्रशासन सहायक पाँचौं श्री खेमराज उपाध्याय - सदस्य

साथै स्वीकृत बार्षिक विकास कार्यक्रम तर्फका योजनाहरुको निर्माण कार्य अगाडी बढाउनका लागि ड्रोवङ्ग, डिजाइन, लागत अनुमान लगायत कागजात सहितका प्रक्रियागत कार्यहरु दशैं अगाडी सम्पन्न गर्न भौतिक पूर्वाधार शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २)

प्रस्ताव नं. २ माथि छलफल गर्दा गत महिनाको शाखागत प्रगति एवं कार्यसम्पादनका सम्बन्धमा शाखागत रुपमा रिपोर्टिङ्ग गरियो । कार्यसम्पादन र सेवा प्रवाहलाई अझ बढि चुस्त एवं प्रभावकारी बनाउन शाखा प्रमुखहरुलाई निर्देशन दिने निर्णय गरियो । साथै गत महिनाको प्रगति प्रतिवेदन र ई-हाजिरी रिपोर्टका आधारमा तलब भत्ता भुक्तानी गर्ने र दशैंको २ (दुई) दिन भित्र हरेक शाखा र वडाले पौष मसान्त सम्मको कार्य सम्पन्न कार्य योजना पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३)

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को पालिकास्तरको कामको समन्वय गरी तथ्याङ्क प्रविष्टी गर्नका लागि पालिकाको फोकल पर्सन शाखा अधिकृत श्री मदन प्रकाश मल्ललाई तोक्ने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
रानीमता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

CamScanner

निर्णय नं. ४)

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गत भदौ २३ र २४ गते देशभर तीनै तहमा सरकार र विशेष गरि राजनीतिक दल र जनप्रतिनिधिलाई लक्षित गरि भएको Gen-Z आन्दोलनको क्रममा पालिकास्तरमा Gen-Z हरुको संयमता कारण पालिकाभर कुनै पनि अप्रिय घटना नभएको हुँदा Gen-Z युवा समूहलाई धन्यवाद ज्ञापन गर्ने र पालिकास्तरका Gen-Z नेतृत्वले पालिका अध्यक्ष ज्यू मार्फत मिति २०८२/०५/२९ गते बुझाएको माग प्रति कार्यपालिकाको विशेष ध्यानाकर्षण भएको र त्यस सम्बन्धमा Gen-Z को सहभागितामा शासकीय सुधार र सुशासन प्रवर्द्धनका गर्न छलफल, विचार विमर्श एवं अन्तर्क्रिया कार्यक्रम गरि माग सम्बोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५)

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कर्मचारी गाउँपालिकामा कार्यरत शिक्षा, स्वास्थ्य र प्रशासन सेवा तर्फका सेवा करारका कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा अध्ययन गरि प्रतिवेदन बुझाउन ३ नं. वडा अध्यक्ष श्री काँशिराम शर्मा ज्यूको संयोजकत्वमा गठित कार्यदलले तयार पारेको प्रतिवेदन कार्यदलका संयोजकले बैठकमा पेश गर्नु भयो र प्रतिवेदनले दिएका शैक्षिक र प्रशासनिक सुधारका सुझावहरु बैठकले ग्रहण गरि कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. ६)

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट हुने सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो एवं प्रभावकारी बनाउन, कर्मचारीहरुलाई शाखागत एवं सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउन प्रमुख प्रशासकीय अधिकृतले गरेको कर्मचारीको जिम्मेवारी बाँडफाड र हेरफेर सम्बन्धी निर्णय/सिफारिसलाई सदर गर्ने निर्णय गरियो । साथै करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ३ नं. वडा अध्यक्ष श्री काँशिराम शर्माको संयोजकत्वमा गठन भएको कार्यदलले बुझाएको प्रतिवेदनका आधारमा सेवा करारमा कार्यरत कर्मचारीलाई बेरुजु आएमा सम्बन्धित कर्मचारी जवाफदेही हुने गरी मिति २०८२ श्रावण १ गते देखि लागू हुने गरी ६ महिनाको लागि करार म्याद थप गर्ने र अनियमित हुने, तोकिएको जिम्मेवारी पूरा नगर्ने कर्मचारीको तलब भत्ता कट्टी, विभागिय कारवाही, कर्मचारीको जिम्मेवारी बाँडफाँड/हेरफेर लगायतको सम्पूर्ण कार्य सेवाग्राहीको मर्म आवश्यकता अनुसार प्रभावकारी रुपले गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७)

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.ब. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतको सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत कार्यविधि अनुसार सबै वडाहरुलाई

टोप बहादुर बि.सी.
अध्यक्ष

CamScanner

बराबर लाभग्राही पर्ने गरि लाभग्राही छनौट गर्न वडा कार्यालयहरुलाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ८)

प्रस्ताव नं. ८ माथि छलफल गर्दा कृषि सामग्री कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय, सुर्खेतको च.नं. ५४, मिति २०८२/०५/२७ को कारवाही गर्ने सम्बन्धमा प्राप्त पत्रानुसार श्री सुनगाभा साना किसान सहकारी संस्था लिमिटेड गुराँस-६, दैलेखलाई अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२ र प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्न ऐ कार्यविधिको दफा २७ बमोजिम उपाध्यक्ष संयोजक रहेको स्थानीय समितिलाई जिम्मेवारी दिने र उक्त सुनगाभा सहकारीले पालिका लगायत विभिन्न निकायहरुबाट लिएको अनुदान र त्यसको उपयोग, सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताब जाँच गर्न, गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९)

प्रस्ताव नं. ९ माथि छलफल गर्दा संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, पूर्व जनप्रतिनिधि, कर्मचारी, शिक्षक, नागरिक समाज, बुद्धिजीवि, Gen-Z लगायतको व्यापक उपस्थितिमा मिति २०८२ असोज ३ गते अन्तर मावि वक्तृत्वकला प्रतियोगिता आयोजना, Gen-Z का प्रतिनिधिसँग अन्तर्क्रीय विचार विमर्श गर्ने र साँझपख गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा दिप प्रज्वलन गरि भव्य रुपमा मनाउने निर्णय गरियो ।

निर्णय नं. १०)

प्रस्ताव नं. १० माथि छलफल गर्दा वडा कार्यालयको सिफारिसका आधारमा विद्युत नपुगेको ठाउँमा विद्युतको पोल गाड्ने र तार तान्ने, बुस कटिङ्ग गर्ने, अपुग विद्युत सामाग्री खरिद गर्ने, तलब भत्ता नपाएका विद्युतका कर्मचारीलाई ज्याला/भत्ता उपलब्ध गराउने, सडक कार्यदलका कामदारबाट समेत बुस कटिङ्ग गराउने निर्णय गरियो ।

निर्णय नं. ११)

प्रस्ताव नं. ११ माथि छलफल गर्दा कर्णाली नदी तल्लो डुङ्गेश्वर लोहोरे खोला, पराजुल खोला, सिस्ने खोला, पैते खोला, थाक्रे खोला किनार लगायत क्षेत्रबाट नदिजन्य पदार्थ ढुङ्गा, गिट्टि बालुवा उत्खनन कार्यका लागि बढिबढाऊ बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीभत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

CamScanner

निर्णय नं. १२)

प्रस्ताव नं. १२ माथि छलफल गर्दा हावा हुरी असिनापानी लगायतका मनसुनजन्य विपदबाट प्रभावित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने सम्बन्धमा पालिकास्तरिय विपद व्यवस्थापन समितिबाट भएको निर्णय बमोजिम आर्थिक सहायता कार्यविधिका आधारमा पालिकाबाट राहत उपलब्ध गराउने र थप राहतका लागि सम्बन्धीत निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १३)

प्रस्ताव नं. १३ विविध (क) माथि छलफल गर्दा नजिकै गरेको दशैं, तिहार, छठ लगायतका चाडपर्वमा पालिका भित्रको शान्ति सुरक्षालाई चुस्त र प्रभावकारी बनाउन प्रहरी चौकी लालिकाँडा, रानीमत्ता, घोडावास र तल्लो डुङ्गेश्वरलाई प्रति प्रहरी चौकी रु. १० हजारका दरले सुरक्षा व्यवस्थापन खर्च "गाउँ प्रहरी तथा सुरक्षा व्यवस्थापन" शिर्षकबाट भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

टोप बहादुर कि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

CamScanner